# नरहरिनाथ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल

पत्र संख्या:२०७९/८०
चलानी नं:

मितिः २०७९/११/०२

website: www.naraharinathmun.gov.np
e-mail: naraharinathagapa@gmail.com

## न्युनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दर्ता गर्ने सम्बन्धि सुचना

प्रस्तुत विषयमा रोजगारीको हक सम्बन्धि ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को (दोस्रो संशोधन २०७८) दफा १८ बमोजिम १०० दिनको न्युनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माण इच्छुक यस गाउँपालिका भित्रको प्रत्येक नेपाली बेरोजगार नागरिकहरुले २०७९ फागुन महिना भरि आ.व २०८०/०८१ का लागि आफु स्थायी बसोबास गरेको वडा कार्यालयमा सुचिकृतका लागि निवेदन दिन हुन यो सुचना प्रकाशन गरिएको छ।निवेदनको ढाँचाको नमुना र थप जानकारीका लागी सम्बन्धित वडा कार्यालयमा,रोजगार सेवा केन्द्र र प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np बाट प्राप्त गर्न सकिने छ।

**बेरोजगार व्याक्ति सुचिकरण सम्बन्धी व्यवस्था**

क. १८ बर्ष देखि ५९ बर्ष उमेर समुहको हुनु पर्ने।

ख. निवेदन दिदाँको मिति सम्म सोही आर्थिक वर्षमा न्युनतम एक सय दिनको रोजगारमा संलग्न नभएको हुनु पर्ने।

ग. स्वरोजगारमा संलग्न व्याक्तिको हकमा निवेदन दिदाँको मिति सम्म सोही आर्थिक वर्षमा न्युनतम एक सय दिनको रोजगारी वापत प्राप्त गर्ने सरकारले लोकेको न्युनतम पारिश्रमिक बराबरको आय भन्दा कम आय भएको हुनु पर्ने।

**निवेदन दिदाँ संलग्न गर्नु पर्ने कागतजातहरु**

क. नागरितको प्रतिलिपि १ प्रति

ख. पासपोट साईजको फोटो १ प्रति

**नोट: पुर्ण रुपमा व्याक्तिगत तथा पारिवारीक विवरण भरिएको र वडा कार्यालयबाट प्रमाणित निवेदन मात्र रोजगार व्यवस्थापन सुचना प्रणालीमा विवरण प्रविष्ट गरिनेछ।**

भलीराम पंगाली
प्रमुख प्रशासकिय अधिकृत



CamScanner

# नरहरिनाथ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कुमालगाउँ, कालिकोट

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या:२०७९/८०

चलानी नं: ४४०

website: www.naraharinathmun.gov.np

e-mail: naraharinathagapa@gmail.com

मिति: २०७९/११/०२

**बिषय : जानकारी सम्बन्धमा ।**

श्री सबै वडा कार्यालय
नरहरिनाथ गाउँपालिक कालिकोट ।

प्रस्तुत विषयमा यस प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि चालु आ.व २०७९/०८० को फागुन महिनामा सम्पुर्ण वडा कार्यालयमा बेरोजगार व्याक्तिले न्युनतम रोजगारीमा संलग्न हुनका लागी आवेदन दिनु पर्ने प्रावधान भएकाको हुँदा सम्पुर्ण बेरोजगार व्याक्तिले २०७९ फागुन महिनामा बेरोजगार व्याक्तिको आवेदन भरेर २०७९ चैत्र भित्र रोजगार व्यवस्थापन सुचना प्रणालीमा विवरण प्रबिष्ट गर्नु पर्ने भएकाले बेरोजगार व्याक्तिको आवेदन फारम पुर्ण रुपमा भरेर वडा अध्यक्षबाट प्रमाणित गरिएको आवेदन मात्र रोजागार व्यवस्थापन सुचना प्रणालीमा प्रबिष्ट गरिने भएकाले २०७९ चैत्र १ गते भित्र यस रोजगार सेवा केन्द्रमा आई पुग्ने गरि बेरोजगार व्याक्तिको आवेदन संकलन गरी पठाउन हुन अनुरोध छ । साथै सो सँग सम्बन्धित सुचना यसै पत्र साथ संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

भलाराम पंगाली
प्रमुख प्रशासकिय अधिकृत

“व्यावसायिक र सिर्जनशिल प्रसाशन:विकास समृद्धि र सुशासन”